# नीति तथा कार्यक्रम

## २०७८

आमाछोदिङमो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङबेसी, रसुवा

# आमाछोदिङमो गाँउपालिकाको नीति तथा कार्यक्रम

## २०७८

**गाँउसभाका सदस्य ज्यूहरु**

**एवम् सम्पूर्ण आमन्त्रित महानुभावहरु**

नेपालको संविधानको मर्म र भावना अनुरुप स्थानीय सरकारका गतिविधिलाई निरन्तरता दिदैं **"कृषि पर्यटन उर्जा र पूर्वाधार, समृद्ध आमाछोदिङमोको मूल आधार"**निर्माण गर्ने हाम्रो दीर्घकालिन सोचलाई पुरा गर्न गाँउपालिकामा विद्यमान रहेका विविध स्रोतहरुको पहिचान गर्दै जनसहभागीतामा आधारित भई आर्थिक सामाजिक विकासमा टेवा पुऱ्याउनका लागि आज हामी आमाछोदिङमो गाँउपालिकाको **दशौं** गाँउ सभामा उपस्थित भएका छौं । आमाछोदिङमो गाँउपालिकाको आर्थिक वर्ष २०७८।७९ को नीति कार्यक्रम तथा बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्तै हर्षित छु । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको लागि आफ्नो प्राणको आहुति दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

**सदस्य ज्यूहरु,**

**अब म आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु**

आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम २०७८, चालु पन्ध्रौं योजना, दीगो विकास लक्ष्य, गाँउपालिका भित्र रहेका विभिन्न विषयगत समिति, राजश्व परामर्श समिति, गाँउसभा सदस्य, कार्यपालिका सदस्य ज्यूहरुको सुझाव, स्थानिय स्तरमा क्रियाशिल विभिन्न राजनितिक दल, संघ/ संस्था, कर्मचारी तथा यस आमाछोदिङमो गाँउपालिकाका आमाबुबा दाजुभाई दिदीबहिनीहरुबाट समयसमयमा प्राप्त रचनात्मक सुझाव तथा माग र आवश्यकता विशेष ध्यान दिएको छु । Covid-19 कोरोना भाइरसको महामारीको अवस्था र त्यसले हाम्रो गाँउपालिकामा पार्न सक्ने प्रभावलाई समेत ध्यान दिई जनजिविका र जनस्वास्थ्यलाई प्राथमिकतामा राख्दै यो नीति तथा कार्यक्रम पेश गर्दैछु ।

**क्षेत्रगत नीति**

**१. आर्थिक विकास**

आर्थिक विकासको आधारको रुपमा कृषि, पशुपालन र पर्यटन पुर्वाधारको विकास गरी ग्रामिण व्यावसायिक क्षेत्रमा लगानी मैत्री वातावरण सृजना गर्ने र घरेलु तथा साना उद्योग क्षेत्रको सुदृढीकरण गर्दै उत्पादन वृद्धि र रोजगारी सृजना गरी गरिबी निवारण गर्नमा बिशेष जोड दिइनेछ ।

**क. कृषि तथा पशुपालन**

- कृषक समुह तथा कृषि सहकारी संस्था मार्फत कृषिविकास कार्यक्रम सञ्चालन गर्दै कृषि उत्पादनमा वृद्धि गरिनेछ ।

- प्रत्येक वडामा एक एक वटा सहकारी भवन निर्माण गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरी सहकारीको माध्यबाट सामुहिक खेती प्रणालीमा जोड दिइनेछ। कृषकसँग सहकार्य गरी पशु विमामा अनुदानको व्यवस्था गरिनेछ।
- व्यवसायिक कृषि गर्न चाहने युवाहरुको लागि गाउँपालिकाबाट आर्थिक सहायता उपलब्ध गराउने कार्यको थालनी गरिनेछ।
- गाँउपालिकाका रैथाने बालिहरु कालो मुसुरोको दाल, रातो चामल, सिमी र आलु तथा च्याउको उत्पादनमा वृद्धि गर्न युवा किसानलाई आर्थिक अनुदान तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- पशुपालन व्यवसायलाई व्यवसायिकरण गरी आयमुलक तथा सम्मानित पेशाकोरुपमा विकास गरी पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याइनेछ। Covid 19 को कारण विदेशबाट यस गाँउपालिकामा आउने युवाहरुलाई पशुपालन व्यवसायमा लाग्न प्रोत्साहित गरिनेछ।
- कृषकहरुको सीप, क्षमता र दक्षता वृद्धि गर्न तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- कृषि पकेट क्षेत्रको विकास गर्दै लगिनेछ।
- पशुनश्ल सुधार तथा गोठ सुधार तथा पशु स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- रासायनिक मल तथा विषादीको प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारिक तथा जैविक मल र जैविक विषादीको प्रयोगलाई प्रोत्साहित गरिनेछ।
- कृषि उत्पादनको उचित भण्डारण गर्नको लागि शीत भण्डारण गृह निर्माणका लागि संघिय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।
- गाउँपालिका भित्रका कृषकहरुले पालन गरेको पशुहरुलाई समयमै विभिन्न रोग विरुद्धको खोप अभियानकै रुपमा सञ्चालन गरिनेछ।

**ख. उद्योग बाणिज्य तथा आय आर्जन र रोजगारी**

- साना तथा घरेलु उद्योगको विकास र विस्तारमा जोड दिइनेछ। साथै युवा लघु उद्यमीहरुलाई सीप विकास तालिम लगायतका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- आयआर्जन र रोजगारी वृद्धिका लागि लागत साझेदारीमा हुने गरी मागमा आधारित सीपमुलक तालिम, उत्पादन प्रवर्धन, क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
- आगामी आर्थिक वर्ष देखि बजार अनुगमनकार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

**ग. पर्यटन विकास सम्बन्धी नीतिहरु**

- **गतलाङ बुद्धपार्क निर्माण** कार्यको शिलान्यास यसै आर्थिक वर्षमा शिलान्यास गरिनेछ।
- तामाङ सम्पदा मार्गको व्यापक प्रचारप्रसार गरि आन्तरिक तथा बाह्य पर्यटनको वृद्धि गरि नागरिकहरुको आयआर्जनमा वृद्धि गरिनेछ।
- संभाव्यता अध्ययन भई सकेका नयाँ पदमार्गहरुको प्रचारप्रसार गरि पर्यटकहरु भित्र्याउन पहल गरिनेछ

- गाँउपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, पुरातात्विक पर्यटकीय स्थलहरुको प्रचारप्रसार एवं संरक्षण तथा सम्वर्धनमा जोड दिइनेछ ।
- होमस्टे व्यवसायलाई गाँउपालिकाको प्रमुख व्यवसायको रुपमा महत्व दिइनेछ ।
- साङजेन भ्यालीलाई प्रचार प्रसार गरी पर्यटन क्षेत्र बनाउन जोड दिइने छ।

**घ. आन्तरिक आय र राजश्व सम्बन्धी नीतिहरु**

- राजश्व सम्बन्धी अध्ययन तथा अवलोकन गरी राजश्व वृद्धि र व्यवस्थापनमा जोड दिइनेछ ।
- थप आय आर्जन हुने क्षेत्र तथा स्रोतको पहिचान गरि व्यवस्थित गर्दै लगिनेछ ।
- आयोजनाबाट प्रयोग गरिएका प्राकृतिक स्रोत र नदीजन्य पदार्थको कर उठाइनेछ ।

**२. सामाजिक विकास**

**क. शिक्षा युवा तथा खेलकुद**

- शिक्षामा प्रविधिको प्रयोग सुनिश्चितताका लागि माध्यमिक तहमा Smart कक्षाको स्थापना शुरुवात गरिनेछ ।
- गाउँपालिका भित्रको सबै विद्यालयमा इन्टरनेटको पहुँच पुऱ्याइनेछ ।
- प्रारम्भिक बाल विकास केन्द्रहरुलाई व्यवस्थित ढंगले सञ्चालन गरी बाल विकास केन्द्र मार्फत कक्षा १ मा भर्ना हुने दरमा वृद्धि गर्नका लागि बालकक्षाहरुलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।
- शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धीसँग जोड्ने नीति कार्यान्वयन गरिनेछ ।
- सामुदायिक सिकाइकेन्द्रहरुको विस्तार गरी थप व्यवस्थित प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- आगामी आर्थिक वर्ष देखि सबै सामुदायिक विद्यालयहरु CC Camera को निगरानीमा रहनेछन् ।
- सबै सामुदायिक विद्यालयमा विद्युतिय हाजिरीको व्यवस्था गरी प्रयोगमा ल्याइनेछ ।
- भय र दण्ड भन्दा पनि हौसला र पुरस्कारको नीतिलाई अवलम्बन गर्दै आगामी आर्थिक वर्ष देखि **आमाछोदिङ्मो शिक्षा पुरस्कार** को शुरुवात गरिनेछ ।
- विद्यालयहरुमा विद्यार्थी संख्या र विद्यालयको तहको आधारमा आवश्यक शिक्षकको व्यवस्था गर्न शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- कोरोना भाइरसको कारण नियमित पठनपाठन अवरुद्ध भएको हुँदा बैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गरि शैक्षिक क्षतिलाई न्यूनिकरण गरिनेछ ।
- उच्च शिक्षा अध्ययन गर्ने गरीब तथा जेहेन्दार विद्यार्थीको लागि गाउँपालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रम लागु गरिनेछ ।
- एक वडा एक खेलमैदान निर्माण गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ साथै खेलकुद क्षेत्रको विकासका लागि गाँउपालिका स्तरिय खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।

- राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम सञ्चालन गरि विद्यालयमा अध्ययनरत किशोरकिशोरीहरुको खेल प्रतिको प्रतिस्पर्धी क्षमता विकास र विस्तार गरिनेछ ।

**ख. स्वास्थ्य**

- मुटुरोग स्त्री रोग हाडजोर्नी सम्बन्धी स्वास्थ्य समस्याको उपचारका लागि विशेषज्ञ सेवा सहितको शिविर सञ्चालनका कार्यको थालनी गरिनेछ ।
- गाउँपालिकाको आफ्नै एम्बुलेन्स सेवा सञ्चालनमा आउनेछ ।
- आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई मुटुरोग मृगौला क्यान्सर जस्ता जटिल रोग लागेको अवस्थामा आर्थिक सहायता उपलब्ध गराइने छ।
- कोरोना भाइरसको जोखिमलाई ध्यानमा राख्दै जोखिम नियन्त्रणका लागि विशेष ध्यान दिइनेछ ।
- स्वास्थ्य चौकीबाट निशुल्क रुपमा पाइने औषधिको संख्या र प्रकारलाई निरन्तरता दिदै वितरण प्रणालीलाई सुदृढ र प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य क्षेत्रका जनशक्ति र महिला स्वास्थ्य स्वयम्सेविकाहरुको क्षमता विकास गर्न आवश्यक कार्यक्रमका साथै गाँउपालिकाबाट उपलब्ध गराउँदै आएको प्रोत्साहन खर्चलाई निरन्तरता दिइनेछ ।
- खोपकेन्द्र र गाँउघर क्लिनिकमा दिइने सेवालाई आवश्यकता अनुसार विकास र विस्तार गर्दै लगिनेछ ।
- गाँउपालिकामा रगत दिसा पिसाब चेक गर्ने प्रयोगशालाको स्थापना भई सकेको हुँदा त्यसको सञ्चालनको आवश्यक कर्मचारीको व्यवस्थापन गरिनेछ ।
- किशोरीहरुलाई विद्यालयमा निशुल्क सेनिटरी प्याड वितरण गरिनेछ । एक विद्यालय एक नर्स कार्यक्रमको विस्तारका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ ।
- गर्भवति महिलाहरुको स्वास्थ्य परीक्षणको लागि प्रत्येक वडामा अल्ट्रा साउण्ड सुविधा सहितको गर्भवति स्वास्थ्य परीक्षण घुम्ती शिविर सञ्चालन गरिनेछ ।
- गर्भवति महिला, नवजात शिशु तथा सुत्केरी आमाको स्वास्थ्य सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

**ग. सामाजिक सुरक्षा तथा लैंगिक समावेशीकरण**

- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत अनिवार्य उपलब्ध गराउनु पर्ने व्यवस्थाबाट दुर्गम स्थानका जेष्ठ नागरिकलाई परेको असुविधालाई मध्य नजर राख्दै बैंकिङ पहुँचबाट टाढा रहेका वडाहरुमा **भत्ता वितरण शिविर** मार्फत बैकिङ प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाइनेछ ।
- **अध्यक्षसँग जेष्ठ नागरिक** कार्यक्रम अन्तरगत जेष्ठनागरिकलाई सम्मान गर्ने कार्यको थालनी गरिनेछ ।
- **उपाध्यक्षसँग सुत्केरी महिला** कार्यक्रम अन्तरगत हरेक सुत्केरी महिलाहरुसँग गाउँपालिका उपाध्यक्षको **भेटघाट तथा सहयोग कार्यक्रमको** थालनी गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति, बाबु आमा नभएका बालबालिका, एकल महिला, अति विपन्न परिवारका महिलाहरुको आर्थिक विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

- जातिय भेदभाव छुवाछुत प्रथा तथा अन्य सामाजिक कुरितिहरु हटाउन सामाजिक व्यवहार सुधारका कार्यक्रम सञ्चालन गरिनेछ। '
- दलित, जनजाती र महिलाहरुको जीवनस्तर सुधारका लागि लक्षित वर्ग आयआर्जन तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- लैंगिक हिंसा अन्त्य गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। सामाजिक विकासमा लैंगिक समानता र सामाजिक समावेशीकरणको नीति अवलम्बन गरिनेछ।
- वेरोजगारहरुको तथ्याङ्क संकलन गरी रोजगारीको वातावरण सृजना गर्न प्रदेश तथा संघीय सरकारसँग आवश्यक समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**घ. खानेपानी तथा सरसफाई**

- शुद्ध खानेपानीको व्यवस्थाको लागि खानेपानी निर्माणका योजनाहरुलाई प्रथमिकतामा राखिनेछ।
- वस्तिहरुमा निर्माण भइसकेका नालि तथा ढलको आवश्यक मर्मत सम्भार गर्नुका साथै ढल निकासको उचित व्यवस्थापन गरिनेछ।
- गाउँपालिका अन्तरगतका पाँच वटै वडाको सम्पूर्ण घरहरुमा एक घर एक धारको व्यवस्था गरिनेछ।
- खानेपानीको शुद्धता परीक्षणका कार्यक्रमहरु सञ्चालन गरी शुद्ध खानेपानीको व्यवस्था गरिनेछ।

**ङ. श्रम तथा रोजगार**

- कोभिड १९ का कारण रोजगारीको लागि विदेशमा भएका गाँउपालिका भित्रका नागरिकहरु फर्कने निश्चित प्राय छ। त्यसरी फर्केका नागरिकहरुलाई गाँउमै रोजगारिको सृजना गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ।
- स्वरोजगार सृजना गरि बेरोजगार युवालाई रोजगारी दिने संघ, संस्था, फर्म वा व्यक्तिलाई गाँउपालिका स्तरिय सम्मान कार्यक्रमको आयोजना गरिनेछ।
- कोभिडबाट प्रभावित भएका व्यसायिहरुलाई प्रोत्साहन स्वरुप साझेदारीमा अनुदानको व्यवस्था गरिनेछ।

**गाँउसभाका सदस्य ज्युहरु,**

अब म पुर्वाधार विकाससँग सम्बन्धित नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

**३. पुर्वाधार विकास ( सडक, पूल, सिंचाई, भवन, नाली तथा ढल, सञ्चार )**

- गाउँपालिका जोडने छोटो दुरीको सडक निर्माणको लागि रोङगा क्षेत्रको भिर फुटाई सडक ट्याक खोल्ने कार्य अघि बढाइनेछ।
- गाँउपालिका भित्रका मुख्य बजार क्षेत्रको सडक ढलान गर्ने कार्य निरन्तरता दिइनेछ।
- ट्र्याक खुलेका कृषि सडकको स्तरोन्ती गरी कृषकहरुले गरेका कृषि उत्पादनलाई बजार सम्म पुऱ्याउन संघीय तथा प्रदेश सरकारसँग साझेदारिमा कार्यक्रम सञ्चालन गरिनेछ।
- वैकल्पिक उर्जाको विकास तथा प्रयोग गर्ने नीति लिइनेछ।

- पुर्वाधार विकासमा सार्वजनिक निजि साझेदारीलाई प्रोत्साहित गर्दै लागत सहभागितामा उपभोक्ता समित मार्फत कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- भुकम्पबाट विस्थापित भएका घर परिवारको लागि एकिकृत वस्ति विकासका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी एकिकृत वस्ति विकासको कामलाई अगाडि बढाइनेछ ।
- साना सिंचाई तथा नालि निर्माणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**४. वन, वातावरण तथा विपद व्यवस्थापन**

- दीगो विकासको लक्ष्य अनुरुप बन तथा भुसंरक्षण, जलाधार संरक्षण, जल उत्पन्न प्रकोप नियन्त्रण, जलबायु परिवर्तन अनुकुलित वातावरण संरक्षण र समायोजन तथा फोहोरमैला व्यवस्थापनमा जोड दिइनेछ ।
- विपद व्यवस्थापनको पुर्व तयारीका लागि आवश्यक जनशक्ति र सामग्रीहरुको व्यवस्था गरिनेछ ।
- वस्ति संरक्षणका कार्यक्रम गरिनेछ ।
- अग्नी नियन्त्रणका लागि प्रत्येक वडामा पाँचपाँच वडा अटोमेटिक फायर एक्स्टेङग्यूसर बल तयारी अवस्थामा राखिनेछ ।

**५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- सेवा प्रवाहलाई सूचनामैत्री बनाइ सरलीकृत गरिनेछ ।
- गाँउपालिकाले सम्पादन गरेका कार्यहरु र निर्णयहरु पारदर्शी बनाउन वेवसाइटमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिदैं विद्युतिय शासनको अवधारणा अवलम्वन गरिनेछ ।
- गाउँपालिका भित्रका सबै सरकारी कार्यालयहरुमा उच्चगतिको इन्टरनेट सेवाको व्यवस्था गरिनेछ । गाँउपालिकाका मुख्य अभिलेखहरुलाई सफ्टवेयरमा राख्ने व्यवस्था मिलाइनेछ ।
- गाँउपालिका तथा गाँउपालिका भित्र रहेका सबै कार्यालय संघ संस्था तथा विद्यालयहरुले गरेका कामहरुको सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणका कार्यक्रमहरु अनिवार्य गर्नुपर्ने नीति लिइनेछ ।
- गाँउपालिकाले पारित गरेका ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिकाहरु स्थानिय राजपत्रमा प्रकाशित गरि गाँउपालिकाको एकिकृत कानुनि संगालो प्रकाशित गरिनेछ ।
- गाँउपालिकाको प्रशासकीय भवन निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

**सदस्य ज्यूहरु,**

यि नीति तथा कार्यक्रम लागु गरी कार्यान्वयन गर्नका लागि संघ, प्रदेश र स्थानिय श्रोत साधनको उचित परिचालन गरी विकासलाई समावेशी र समन्यायिक बनाउने, रोजगारीको सृजना गर्ने शुसासन कायम गर्ने र भ्रष्टारचारमा शुन्य सहनसीलता अपनाइनेछ । कोरोना भाइरसको जोखिमलाई कम गर्नु यस वर्षको मुख्य कार्य भएकोले त्यसको निम्ति यहाँहरु सबैको साथ र सहयोगको अपेक्षा गर्दछु । अन्त्यमा गाँउपालिकाको समग्र आर्थिक – सामाजिक विकासमा

आ-आफ्नो क्षेत्रबाट भुमिका निर्वाह गर्नुहुने जनप्रतिनिधि साथीहरु, राष्ट्रसेवक कर्मचारी, राजनितिक दलका प्रतिनिधि, नागरिक समाज, बुद्धिजिवी, सञ्चारकर्मी तथा सम्पुर्ण गाँउवासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद !**